नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

मितिः २०७८/०३/२१

ओखलढुङ्गा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०७८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०३/२२ गतेबाट मिति २०७८/०३/२८ गते सोमबार राती १२:बजेसम्म जिल्लाभरी लागू हुनेगरी तपशिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

तपशिलः

१. **निषेध गरिएका सेवा तथा कार्यहरूः**
   - अन्य जिल्लाहरूबाट ओखलढुङ्गा जिल्लामा भित्रिने र बाहिरिने अत्यावश्यक कामको लागि सवारी पास बोकेका सवारी बाहेकका सार्वजनिक तथा निजी सवारी साधनहरू,
   - जिल्लाभित्रका क्याम्पस र विद्यालयहरू सञ्चालन, पठनपाठन र परिक्षा सञ्चालन गर्न,
   - सबै प्रकारका भेला, प्रशिक्षण, तालिम, गोष्ठी, पुजापाठ, मेला, महोत्सव, जात्रा, पर्व, खेलकुद लगायतका कार्यहरू,
   - साप्ताहिकरूपमा लाग्ने हाटबजारको हकमा जिल्ला प्रशासन कार्यालयको मिति २०७८ बैशाख १९ गतेको सूचनाबमोजिम हुने,
   - सबै प्रकारका होटेल र रेष्टुरेन्ट, पार्टी प्यालेस, चिया तथा खाजा पसल ।

२. **खुला गरिएका सवारी साधन र कार्यहरूः**
   - सरकारी निकाय, सार्वजनिक संस्थान र बैंकिङ क्षेत्रबाट दैनिकरूपमा प्रवाह हुने सेवाहरू, यसरी सेवा प्रवाह गर्दा अत्याधिक भिडभाड हुने कार्यालयहरूले सामाजिक दुरी कायम गर्न सकिने गरी सेवा प्रवाह हुने दिन र स्थानीय तहहरूको लागि फरक फरक समय निर्धारण गर्न सक्नेछन् ।
   - एम्बुलेन्स, दमकल, शववाहन, ग्यास र पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरू, सुरक्षा निकायका सवारी साधनहरू, स्वास्थ्यकर्मी चढेका सवारी साधनहरू, औषधि तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरू, झण्डावाहक सवारी साधनहरू, कुटनीतिक नियोगको सवारी साधनहरू, कार्यालयको काममा प्रयोग हुने सरकारी सवारी साधनहरू, आधिकारीक प्रेस पास प्राप्त सवारी साधनहरू र फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने सवारी साधनहरू,
   - खाद्यान्न, तरकारी, फलफुल, दुधजन्य पदार्थ, मासुजन्य पदार्थ, पशुपन्छीको दाना र पानी बोकेको सवारी साधनहरू,
   - **पुस्तक/स्टेसनरी पसलहरु बिहान १०:०० बजेदेखि बेलुका ०७:०० बजेसम्म,**
   - **जिल्लाभित्र सञ्चालन गरिने सबै प्रकारका निजी सवारी साधनहरू,**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

- खाद्यान्न, तरकारी, फलफुल, दुधजन्य पदार्थ, मासुजन्य पदार्थ विक्री वितरण गर्ने पसलहरू **बिहान ७:०० बजेदेखि बेलुकाको ७:०० बजेसम्म,**
- औषधि तथा स्वास्थ्य सामग्रीहरू विक्री वितरण गर्ने पसलहरू, ग्याँस डिपो र पेट्रोल पम्प चौबीसै घण्टा खुला रहने,
- **हार्डवेयर, लत्ताकपडा, भाँडाकुँडा, फेन्सी, मोबाईल पसलहरू बिहान १०:०० बजेदेखि बेलुकाको ७:०० बजेसम्म।**

३. **प्रत्येक व्यक्ति, संस्था तथा समुदायले पालना गर्नुपर्ने सर्तहरू:**
- अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्किने र हिँडडुल नगर्ने । अत्यावश्यक काममा घरबाहिर निस्कदा अनिवार्यरूपमा जनस्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गर्ने,
- PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट र बैठक नगरी होम आइसोलेशनमा बस्ने,
- घर परिवार र समुदायमा कोभिड-१९ संग मिल्दोजुल्दो लक्षण देखिएका शंकास्पद विरामी भेटिएमा जिल्ला अस्पताल वा नजिकको प्रहरी चौकीमा खबर गर्ने,
- विवाह र मृत्यु कर्मका लागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी बढीमा १० जनासम्म उपस्थित हुने । यस्तो काममा प्रयोग हुने सवारी साधनलाई पास नचाहिने।

४. **अन्य:**
- जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाबाट विभिन्न समयमा जारी भएका सूचना तथा आदेशको पालना गर्ने।
- अत्यावश्यक कार्यमा जिल्लाको प्रवेश नाकाहरूबाट यस जिल्ला प्रवेश गर्ने जिल्लाभित्रका नागरिकहरूलाई सम्बन्धित स्थानीय तह तथा वडाको क्वारेन्टिन तथा आइसोलेशनमा राख्ने सुनिश्चिततासहित सिफारिस भएकोमा बाहेक जिल्ला प्रवेश गर्न नदिने,
- पत्रकारहरूले सूचना तथा प्रसारण विभागले जारी गरेको प्रेस पास वा सम्बन्धित सञ्चारमाध्यमको परिचयपत्रको आधारमा समाचार संकलन तथा प्रसारण गर्ने,
- सेवा प्रदायक निकायका कर्मचारीहरूलाई कर्मचारी परिचयपत्रका आधारमा आवत-जावत गर्न दिईने,

उल्लेखित आदेशहरूको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । आदेशको उल्लंघन गरेमा, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न वनेको अध्यादेश, २०७८ तथा अन्य प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।

प्रमुख जिल्ला अधिकारी